आज मिति २०८२ साल कात्तिक महिनाको २६ गतेका दिन बिहान ९:३० बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको ८१औं बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

उपस्थितिः

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सी. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| १० | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| ११ | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | |
| १७ | श्री शिवा देवी के.सी. | कार्यपालिका सदस्य | |
| १८ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री केशवराज भट्टराई | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रीतः

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख | |
| २ | श्री शंकर प्र. घिमिरे | प्र. लेखा अधिकृत | |
| ३ | श्री बलराम श्रेष्ठ | का.स. | |

नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठक संङ्ख्या नं.: ८१
मिति: २०८२/०७/२६
समय: बिहान ९:३० बजे
स्थान: नगरपालिकाको सभाहल

प्रस्तावहरु:

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२. सर्पदंश कर्मचारी व्यवस्थापन कार्यविधि अनुमोदन तथा स्वर्गद्वारी सर्पदंश उपचार केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि संशोधन सम्वन्धमा।
३. औषधि खरिद सम्वन्धमा।
४. १५शैया अस्पताल म्याद थप सम्वन्धमा।
५. सार्वजनिक सुनुवाई सम्वन्धमा।
६. उमा महेश्वरी मा.वि.मा छानविन समिति गठन सम्वन्धमा।
७. मिनि टिलरको बाँकी रकम सम्वन्धमा।
८. वडाका योजना अनुगमन सम्वन्धमा।
९. लेखा समिति गठन सम्वन्धमा।
१०. विभिन्न विद्यालयमा शिक्षक राखे सम्वन्धमा।
११. हेरालु कर्मचारी सम्वन्धमा।
१२. मौरी प्रवर्धन नीति सम्वन्धमा।
१३. स्वास्थ्य नीति तथा रणनीति परिमार्जन सम्वन्धमा।
१४. प्राथमिक स्वास्थ्य केन्द्रमा कर्मचारीहरुलाई अनुदान सम्वन्धमा।
१५. हाटबजारमा कर्मचारी राखे सम्वन्धमा।
१६. विभिन्न निवेदन सम्वन्धमा।
१७. विविध सम्वन्धमा।

<u>निर्णयहरु:</u>

निर्णय नं.(१) प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०६/२७ गते बसेको ८०औ नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्य प्रगतिका विषयमा छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयनका क्रममा भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.(२) प्रस्ताव नं. २ माथि छलफल गर्दा स्वर्गद्वारी सर्पदंश उपचार केन्द्रमा करार कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८२ अनुमोदन तथा स्वर्गद्वारी सर्पदंश उपचार केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ पहिलो संशोधन, २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

स्वर्गद्वारी नगरपालिका २०७३

धर्मराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं.(३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व २०८२/०८३ को लागि शसर्त तर्फ रु १६,०७,०००/- तथा नगरपालिका तर्फबाट रु १९,००,०००/- गरी जम्मा रु ३५,०७,०००/- बाट नेपाल सरकारबाट स्थानीय तहका लागि तोकिएका सूचीकृत औषधि तथा सामग्रीहरु लगायत उच्च रक्तचाप र मधुमेह बिरामीका लागि आवश्यक औषधि समेत ई-टेन्डर प्रक्रियाबाट खरिद गर्ने निर्णय गरियो।

निर्णय नं.(४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्वर्गद्वारी नगरपालिका भिंग्री, प्यूठानको ठेक्का Construction/Upgrading of bhingri Primary Health Center to 15 Bedded Primary Hospital/contract ID: 2/SWM/NCB/2079/80 को निर्माण सम्पन्न म्याद मिति २०८२/०८/३० सम्ममा सक्नुपर्ने भएपनि मन्त्रालयबाट समयमै बजेट उपलब्ध नभएको कारणले गर्दा Standard Bidding Document को General Condition of Contract Clause ५७.१ बमोजिम उपलब्ध गराउन पर्ने पेश्की रकम उपलब्ध गराउन नसकिएकोले निर्माण कार्य समयमै सुरु हुन नसकेको र योजना निर्माण सम्पन्न गर्ने मिति सम्म निर्माण कार्य अधुरो रहेकोले ठेक्काको SBD को GCC Clause 35: Extension of intended completion date को ३५.१ बमोजिम Compensation event आइपरेको हकमा म्याद थप गर्न सक्ने अवस्था गरिएको छ। साथै GCC Clause 50 को ५०.१ को अग्रिम पेश्की जमानिमा ढिलाइलाई Compensation Event को रुपमा हुने भन्ने व्यवस्था अनुसार निज निर्माण व्यवसायी श्री शिवालय बिल्डर्स प्रा.लि. काभ्रेपलाञ्चोकलाई सम्झौता बखतका सर्तहरु फरक नपर्ने र थप आर्थिक भार नपर्ने गरी मिति २०८३/०८/३० सम्म म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं.(५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को प्रथम सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२/०८/२६ गते शुक्रवार गर्ने निर्णय गरियो।

निर्णय नं.(६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा स्वर्गद्वारी नगरपालिका वडा नं. ५ मा रहेको उमा महेश्वरी मा.वि.मा तपसिलको विषयमा छानविन गरिदिनुहुन भनि वडा नं. ५ को कार्यालयको मिति २०८२/०७/२४ गतेको पत्रअनुसार तपसिल बमोजिमका सदस्य रहने गरी एक छानविन समिति गठन गर्ने र छानविनको समयको बैठक वापतको भत्ता, खाजा नास्ता लगायतको खर्च विविध शीर्षकबाट खर्च गर्ने निर्णय गरियो।

<u>अध्ययन गर्ने विषय:</u>

१. चार कोठे भवन निर्माणमा भएको आर्थिक अपारदर्शीता सम्बन्धी,
२. आ.व २०७४/०७५ देखिको हिसाब किताबको अवस्था,
३. भौतिक अवस्था,
४. जिन्सी लगायत सामग्रीको अवस्था,
५. प्र.अ./लेखापालको विद्यालयमा उपस्थितिको अवस्था,
६. कृषि अनुदान आम्दानी/खर्चको अवस्था

<u>छानविन समितिमा रहने सदस्यहरु:</u>

प्रमुख प्रशासकीय अधिकृत- संयोजक

स्वर्गद्वारी नगरपालिका २०७३

भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

भौतिक पूर्वाधार शाखा प्रमुख- सदस्य

आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य

योजना तथा अनुगमन शाखा प्रमुख- सदस्य

प्रशासन शाखा प्रमुख- सदस्य सचिव

आमन्त्रित:

समाजिक विकास समिति- संयोजक

**निर्णय नं.(७) प्रस्ताव नं. ७ माथि छलफल** गर्दा स्वर्गद्वारी नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सन्चालित कृषि तथा पशु विकासमा आधारित साना किसान तथा यूवा उद्यमशिलता विकास साझेदारी परियोजना आ.व ०८२/०८३ को वार्षिक स्वीकृति कार्यक्रम अन्तर्गत ५० प्रतिशत लागत साझेदारीमा मिनिटिलर वितरणको लागि विनियोजित रकम बाट मिनिटिलर खरिद गर्दा सोही शिर्षकमा बाँकी रहेको रकमबाट सोहि स्पेसिफिकेसनको सोही दरमा पुनः मिनिटिलर खरिद गरी मागको आधारमा लाभग्राहीहरु लाई वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.(८) प्रस्ताव नं. ८ माथि छलफल** गर्दा ३ लाख सम्मका योजना प्राविधिक लागत अनुमान तथा मुल्याङ्कन तथा निर्माण सम्पन्न भएपछि वडास्तरीय अनुगमन समितिबाट गरिएको अनुगमनलाई आधार मानि योजनाको रकम भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं.(९) प्रस्ताव नं. ९ माथि छलफल** गर्दा प्रस्ताव नं. ९, १०, ११, १२, १३, १४,१५,१६,१७ थप अध्ययन गरी अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो।

**अन्त्यमा आजको ८१औं कार्यपालिका बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ उपदफा (२) को खण्ड (ज) बमोजिम नगर कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।

स्वर्गद्वारी नगरपालिका २०७३

.............................
(केशवराज भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत